मिती २०८१ माघ ३० गतेका निर्णयहरु

प्रस्तावहरु :-

१. हार्दिक बधाइ सम्बन्धमा ।
२. समिक्षा सम्बन्धमा । .
३. योजना कार्यान्वय सम्वन्धमा।
४. अखाद्य वस्तु नियन्त्रण सम्बन्धमा ।
५. शिक्षक नियुक्ति सम्बन्धमा ।
६. विभिन्न निर्णयहरु अनुमोदन सम्वन्धमा।
७. विविध सम्बन्धमा ।

निर्णय नं.१

प्रस्ताव नं .१ माथि छलफल गर्दा १२ औं गोरखा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता २०८१ को उपाधि सिरानचोक गाउँपालिकाले चुम्न सफल भएकोले यस सम्म रनिङ शिल्ड दिलाउन भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण खेलाडी, शिक्षक, अभिभावक, कर्मचारीका साथै सम्पुर्ण गाउँपालिकाबासीलाई सिरानचोक गाउँपालिकाको तर्फवाट हार्दिक बधाई सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत कार्यपालिका बैठकका निर्णयको कार्यन्वयनको अवस्थाको बारेमा छलफल गरियो।

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा उपभोक्ता समिती मार्फत कार्यान्वयन हुने गरि योजना सम्झौता सम्पन्न भईसकेका योजनाहरुको निर्माण कार्य द्रुत गतिमा सम्पन्न गर्न लगाई यथाशीघ्र भुक्तानीका लागि पेश गर्न लगाउने र सम्झौता हुन बाँकी र रोकिएका योजनाका सम्बन्धमा १ महिना भित्रै सम्झौता गरि काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस सिरानचोक गाउँपालिकाभित्र अधिकांश टोल वस्तीहरुमा म्याद गुज्रेका अखाद्य वस्तु, स्वास्थ्य मापदण्ड पुरा नगरेका खाद्य सामाग्री एवं विभिन्न नाममा प्लाष्टिकका बोतलहरुमा सिलबन्दी भएका मानव स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने मदिराजन्य

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याल्चोक, गोरखा
गण्डकी प्रदेश

CamScanner

पदार्थहरु बिक्रि वितरण भएको गुनासो आएकोले अब उप्रान्त घी र यस्ता प्रकारका वस्तु बिक्रि वितरण नगर्नुहुनको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस सिरानचोक गाउँपालिकामा पदस्थापन भएका माध्यमिक तह तह तृतीय श्रेणी र निम्न माध्यमिक तह तह तृतीय श्रेणीका स्थायी शिक्षकहरुलाई शिक्षा समितीको मिति २०८१ माघ २९ गतेको सिफारिस बमोजिमका विद्यालयहरुमा पदस्थापना अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा तपशिल बमोजिमको निर्णयहरु गरियो ।

क. टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६ संशोधन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

ख. कृषि विकास सञ्चालन कार्यविधि को पछाडि सिरानचोक कोअपरेटिभ राख्ने निर्णय गरियो ।

ग. आंशिक समय कार्य गरेवापतको भत्ता सम्बन्धि कार्यविधि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं ७ विविध माथि छलफल गरि तपशिल बमोजिमका निर्णय गरियो ।

क. नेपाल सरकारको सशर्त अनुदान को गाई/भैसी स्रोत केन्द्र कार्यक्रम सिरानचोक गाउँपालिका वडा नं ६ मा स्थापना गरिएको दुग्ध चिस्यान केन्द्रलाइ मध्यनजर गर्दै सिरानचोक गाउँपालिका वडा नं ६मा नै सञ्चालन गर्ने निर्णय गरियो ।

ख. गण्डकी प्रदेश - विशेष अनुदान पुँजीगत को बाख्रा प्रवर्धन कार्यक्रम सिरानचोक गाउँपालिका वडा नं ३ हर्मि र सिरानचोक गाउँपालिका वडा नं ८ जौबारीमा सञ्चालन गर्ने निर्णय गरियो ।

ग. कृषि तथा पशुवस्तुहरुको बजारीकरण प्रवर्धनका लागि गाँउपालिकाको आफ्नै गाडी व्यवस्था नभएसम्मका लागि सवारी साधन भाडामा लिएर कृषि एम्बुलेन्स सञ्चालन गर्ने।

घ. विविधमा अन्य छलफलका विषयहरु नभएको हुदाँ अध्यक्षज्यूले आजको बैठकको समापन गर्नु भयो।

प्रमुख प्रशासकीय अधिकृत